**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २४ जून २०२६**

समयः १८:५० - १९:०० बजे *(अवधि १० मिनट)*

**प्रमुख समाचार**

१. गृहमन्त्री अमित शाहले शुक्रबार नयाँदिल्लीमा **नार्को-कोऑर्डिनेशन सेंटर**को १० औं शीर्ष स्तरीय बैठकको अध्यक्षता गर्नुहुनेछ।

२. पश्चिम बंगालमा कोलकाताको तारातलामा आज निर्माणाधीन गोदाम ढल्दा तीन व्यक्तिको मृत्यु अनि पांच अन्य घाइते, **मुख्यमंत्री शुभेंदु अधिकारी, राज्य मंत्री अग्निमित्रा पॉल तथा डॉ. इंद्रनील खाले स्थलगत भमण गर्नुभयो**

३. दार्जिलिङका सांसद राजु विष्टले दुधेमा ३४ मिटरको अस्थायी फुटब्रिज सफलतापूर्वक सम्पन्न गरेकोमा सम्बंदीत विभागप्रति आभार व्यक्त गर्नुभएको छ।

४. राष्ट्रिय राजमार्ग प्राधिकरणले देशभरका राष्ट्रिय राजमार्गहरूबाट अवैध पार्किङ र अतिक्रमण हटाउन आफ्नो अभियानलाई तीव्र बनाएको छ।

५. जलपाइगढ़ी आबकारी विभागले एक ठूलो अन्तरराज्यिय लागु पदार्थ तस्करी र्याकेटको पर्दाफास गरेको छ

**शाह-एनसीबी**

गृहमन्त्री अमित शाहले शुक्रबार नयाँदिल्लीमा **नार्को-कोऑर्डिनेशन सेंटर**को १० औं शीर्ष स्तरीय बैठकको अध्यक्षता गर्नुहुनेछ। **स्वापक नियंत्रण ब्यूरो-एनसीबी**ले आयोजना गरेको बैठकमा केन्द्रीय मन्त्रालय, राज्य सरकार र लागुऔषध सम्बन्धी कानून प्रवर्तन एजेन्सीका प्रतिनिधिहरू भेला भएर लागुऔषध ओसारपसार र दुरुपयोगविरुद्ध लड्ने प्रयासको समीक्षा गरिने गृह मन्त्रालयले जनाएको छ ।

सो अवसरमा शाहले लागुऔषध नियन्त्रणका लागि सन् २०२६–२०२९ को भिजन डकुमेन्ट सार्वजनिक गर्नुहुनेछ । सरोकारवालासँगको व्यापक परामर्शपछि यी कागजात तयार पारिएको हो ।

**पश्चिम बंगाल - गोदाम ढहा**

पश्चिम बंगालमा कोलकाताको तारातलामा आज निर्माणाधीन गोदाम ढल्दा तीन व्यक्तिको मृत्यु अनि पांच अन्य घाइते भए | घाइते मानिसहरुको एस.एस.के.एम अस्पतालमा उपचार चलीरहेको छ | शहरी विकास अनि नगर निगम मंत्री अग्निमित्रा पॉलले घटनास्थल को भ्रमण गर्नु भयो |राष्ट्रीय आपदा मोचन बल, पुलिस, अग्निशमन अनि आपातकालीन सेवाहरु तथा स्थानीय बासिन्दाहरु बचाव कार्यमा जुटेका थिए | राज्य सचिवालय मा  नियंत्रण कक्ष स्थापित गरिएको छ जसको सहायता नंबर यस प्रकारका छन् 1070, 8697981070, 033-22143526 अनि 033-22535185।

**विधानसभामा बंगाल बजेट बहस**

आज पश्चिम बंगाल विधानसभामा छलफलको क्रममा सत्तारुढ र विपक्षी दुवै दलका सांसदहरूले राज्य बजेटमा आफ्नो विचार प्रस्तुत गरे। तृणमूल कांग्रेसका विधायक समीर जनाले सरकारको कल्याणकारी र पूर्वाधार सम्बन्धी पहलहरूको स्वागत गरे तर केही परियोजनाहरूको लागि बजेट विनियोजन अपर्याप्त रहेको बताए। राज्यका अर्थमन्त्री स्वपन दासगुप्ताले सदनमा मध्यमकालीन वित्तीय नीति विवरण र वित्तीय रणनीति विवरण प्रस्तुत गरेपछि बजेटमाथि छलफल सुरु भयो।पत्थरप्रतिमाका विधायक समीर जनाले जुन २२ मा प्रस्तुत गरिएको बजेटमा घोषणा गरिएका धेरै परियोजनाहरूको प्रभावकारी कार्यान्वयनको लागि बढी वित्तीय विनियोजन आवश्यक रहेको ।उनले राज्य सरकारी कर्मचारीहरूको लागि महँगी भत्ता (DA) २० प्रतिशतले बढाउने निर्णयको पनि स्वागत गरे। यसका साथै, उनले बजेटमा प्रस्ताव गरिएका

पूर्वाधार परियोजनाहरूको लागि केन्द्र सरकारले आवश्यक वित्तीय सहयोग प्रदान गर्ने आशा व्यक्त गरे।राज्यको दीर्घकालीन आर्थिक वृद्धिको लागि ऋण-उत्पादन अनुपात घटाउने आवश्यकतामा जोड दिँदै जनाले राज्यको भविष्य औद्योगिकीकरण र रोजगारी सिर्जनासँग सम्बन्धित प्रस्तावहरूको सफल कार्यान्वयनमा निर्भर हुने बताए। विधायक प्रसुन बनर्जीले टिप्पणी गरे कि बजेटमा चिया बगानका कामदारहरूले सामना गर्ने समस्याहरूलाई सम्बोधन गर्न समग्र दृष्टिकोण अपनाइएको छ, यसलाई सही दिशामा एक कदमको रूपमा वर्णन गर्दै विधायक दिनेन रोयले राज्यको पहिलो भाजपा सरकारले उत्तर बंगालमा अखिल भारतीय चिकित्सा विज्ञान संस्थान (एम्स) र अन्य चिकित्सा र शैक्षिक संस्थाहरू स्थापना गर्ने घोषणाको स्वागत गर्नुभयो ।दिनेन रोयले थपे कि प्रस्तावित संस्थाहरूले उत्तर बंगालका जनतालाई मात्र नभई सम्पूर्ण राज्यलाई फाइदा पुर्‍याउनेछन्।

**<u>दुधे</u>**

दार्जिलिङका सांसद राजु विष्टले भारतीय सेनाका इन्जिनियर रेजिमेन्ट र पश्चिम बंगाल सरकारको सार्वजनिक निर्माण विभागलाई दुधेमा ३४ मिटरको अस्थायी फुटब्रिज सफलतापूर्वक सम्पन्न गरेकोमा हार्दिक आभार व्यक्त गर्नुभएको छ। एक विज्ञप्तिमा, सासद विष्टले यस पुलले स्थानीय बासिन्दाहरूको लागि महत्त्वपूर्ण सम्पर्क पुनर्स्थापित गर्ने र हालैको प्रतिकूल मौसमका कारण अवरुद्ध भएका आवश्यक सेवाहरूमा आवागमन र पहुँच सक्षम हुने बताउनु भयो। यसको साथमा उहाँले परियोजनालाई चुनौतीपूर्ण समयमा जनताको सेवा गर्न भारतीय सेना र पश्चिम बंगाल सरकार बीच प्रभावकारी समन्वयको उत्कृष्ट उदाहरणको रूपमा वर्णन गर्नुभयो।

**<u>राष्ट्रिय राजमार्ग</u>**

राष्ट्रिय राजमार्ग प्राधिकरणले देशभरका राष्ट्रिय राजमार्गहरूबाट अवैध पार्किङ र अतिक्रमण हटाउन आफ्नो अभियानलाई तीव्र बनाएको छ। सडक परिवहन अनि राजमार्ग मन्त्रालयले सर्वोच्च अदालतको निर्देशन अनुसार यो कारबाही भइरहेको बताएको छ। यसको उद्देश्य राष्ट्रिय राजमार्गहरूलाई सुरक्षित, थप पहुँचयोग्य र यात्रीहरूका लागि सुविधाजनक बनाउनु हो। मन्त्रालयका अनुसार, प्राधिकरणले विभिन्न राज्यहरूमा ५९५ जोखिमपूर्ण स्थानहरू पहिचान गरेको छ जहाँ राष्ट्रिय राजमार्गहरूमा अवैध पार्किङ हुने गरिन्छ। यी स्थानहरूबाट अवैध पार्किङ हटाउन राज्य सरकारहरू, जिल्ला प्रशासनहरू र सम्बन्धित निकायहरूको समन्वयमा प्रयासहरू भइरहेका छन्।

**<u>कालेबुङ पानी</u>**

कालेबुङमा पानीको समस्या लिएर कालेबुङ जनकल्याण समितिले डम्बरचोकमा धर्ना प्रदर्शन गर्नुका साथै जिल्लापाल समक्ष ज्ञापन बुझाएको छ। विगत धेरै वर्षअघिदेखि कालेबुङमा पानीको समस्यालाई उठान गर्दै आएको समितिले आज कालेबुङका विभिन्न संघसंस्थाको सहयोग लिएर हातमा प्लेकार्ड बोकेर धर्ना प्रदर्शन गरेको छ। यस अवसरमा वक्ताहरूले मानिसको मूलभूत समस्या पानीजस्तो वस्तुलाई विभागले यथाशीघ्र पुरा गर्नुपर्ने माग राखेका छन भने धर्ना प्रदर्शनपछि प्रदर्शनकारीहरूले जिल्लापाल समक्ष ज्ञापन बुझाएका छन्।

**<u>आबकारी विभाग</u>**

जलपाइगढ़ी आबकारी विभागले एक ठूलो अन्तरराज्यिय लागु पदार्थ तस्करी र्‍याकेटको पर्दाफास गरेको छ र ठूलो मात्रामा विदेशी रक्सी जफत गरेको छ। यस कारबाहीमा दार्जीलिङ जिल्लाका तीन युवकलाई पक्राउ गरिएको छ। जफत गरिएको रकसी र जफत गरिएको सवारी साधनहरूको कूल अनुमानित मूल्य 40 लाख 54 हजार 500 रुपियाँभन्दा अधिक छ। आबकारी सूत्रहरू अनुसार सिक्किमबाट बंगालका विभिन्न क्षेत्रमा अवैध रूपमा रक्सी तस्करी भइरहेको जानकारी प्राप्त भएको थियो। यसको आधारमा भक्तिनगर रेन्जका डिप्टी एक्साइज कलेक्टरको नेतृत्वमा एक विशेष टोलीले एक बिशेष खोजीको क्रममा पाचसय लीटरभन्दा अधिक विदेशी रक्सी र 468 लिटर बियर जफत गरियो। गिरोहका नेता र अन्य सदस्यहरूको पहिचान गर्न पक्रा परेका अभियुक्तहरूसँग सोधपुछ भइरहेको छ।

**<u>साउथ फिल्ड कलेज</u>**

साउथ फिल्ड महाबिधालय दार्जिलिङले आज नयाँ गर्ल्स होस्टेल प्राप्त गरेको छ। महाबिधालयका स्थापना भएदेखि नै छात्राहरूका लागि होस्टेलको अभाव रहँदै आएको थियो भने होस्टल निर्माणले अभाव पुरा गरिने बताइएको छ। नवनिर्मित होस्टेलमा ५० जना विद्यार्थी बस्न सक्ने व्यवस्था रहेको बताइएको छ। दार्जिलिङभन्दा टाढा–टाढाबाट आएर कलेज अध्ययन गर्ने छात्राहरूलाई यसबाट ठूलो सुविधा पुग्ने महाबिधालयका प्राचार्य अनुराधा राईले बताउनु भयो।

**<u>बल्क-ज्ञापन</u>**

भाजपा खण्ड कोओडिनेसन कमिटीले बर्खाको समयमा हुनसक्ने प्राकृतिक आपदाबाट सर्वसाधारणलाई कसरी बचाउन सकिन्छ अथवा प्राकृतिक आपदाबाट जोगाउन खण्ड बिकास कार्यलयले के कस्तो पहलहरु गरिएको छ त्यसबारेमा जानकारी लिए दार्जिलिङ पुलबजार खण्ड बिकास अधिकारीसग सौहार्दपुर्ण भेटघाट गर्दै एक ज्ञापनपत्र चडाएको छ। खण्ड कोओडिनेसन कमिटी सयोजक रोजर सुब्बाको नेतृत्वमा गएको टोलीले मुख्य रूपमा बर्खाको समयमा भलपहिरोले सर्वसाधारण मानिसहरुमा पुग्नसक्ने आपदालाई लिएर खण्ड बिकास कार्यलयको तत्काल नीग्रानी बढाउन अनुरोध गरियो भने प्राथमिक हिसाबमा आपदाको बेलामा हुनसक्ने तत्काल सहयोगको निम्ति तत्काल राहत दललाई चौबीसै घण्टा अलर्ट राख्न माग गरियो। यसको साथमा ग्राम पन्चायत कार्यलयलाई पनि सर्वसाधारणको निम्ति तत्काल राहतमा तयारी रहन निर्देशन गर्नेसमेत खण्डबिकास अधिकारीलाई अनुरोध गरिएको छ।

**भागोप्रमो**

भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको युवा सगठन युवा शक्तिले आगामी ५ जुलाईको दिन खरसाङमा बृहत् युवा जनसभा गर्ने भएको छ। जनसभामा मुख्य रूपमा गोर्खा समस्यालाई केन्द्र अनि राज्य सरकारले चाडै सम्बोधन गर्नुपर्ने , उठान गरिने बताइएको छ। यस जनसभामा दार्जिलिङ, खरसाङ, मिरिक अनि कालेबुङ क्षेत्रका सम्पूर्ण युवा शक्तिहरूको उपस्थिति रहने बताइएको छ।

**तकदाह**

गोरखा जनमुक्ति मोर्चा तकदाह ग्लेनबर्न समष्टिको एल प्रतिनिधि टोलीले मानेडाँडा ग्राम पञ्चायतका पंचायत प्रधान समक्ष २०२३ देखि हालसम्म पञ्चायत क्षेत्रमा सम्पन्न भएका आपदा व्यवस्थापन (Disaster Management) सम्बन्धी सम्पूर्ण कार्यहरू, प्राप्त बजेट, खर्च विवरण तथा पञ्चायत अन्तर्गत सम्पन्न भएका विकास निर्माण योजनाहरूको विस्तृत प्रतिवेदन माग गरेको छ।जनताले विकास तथा सार्वजनिक कोषको पारदर्शी उपयोगबारे जानकारी पाउने अधिकारलाई मध्यनजर गर्दै उक्त विषयमा सूचना माग गरिएको बताइएको छ।

**********